# म्याद सकिएको COVID-19 परीक्षण किटहरू सम्बन्धी बारम्बार सोधिने प्रश्नहरू

**म्याद सकिएको COVID-19 परीक्षण किटहरू अझै नफाल्नुहोस् । तपाईंको COVID-19 परीक्षण किट बाकसमा उल्लेख गरिएको म्याद नाघिसकेपछि पनि प्रयोग गर्न सकिने अवस्थामा छ कि छैन भनेर थाहा पाउने तरिकाहरू यहाँ दिइएको छ ।**

## के म म्याद सकिएको COVID-19 परीक्षण किट प्रयोग गर्न सक्छु ?

हो । परीक्षण किटले गुणस्तर नियन्त्रण परीक्षण पास गरेसम्म Washington State Department of Health (DOH, वासिङ्टन राज्य स्वास्थ्य विभाग) ले म्याद समाप्त भएका परीक्षण किटहरूको प्रयोगका लागि आधिकारिक स्वीकृति (अङ्ग्रेजीमा उपलब्ध छ) जारी गरेको छ, जसको बारेमा तल व्याख्या गरिएको छ ।

साथै, केही COVID-19 परीक्षण किटहरूको सेल्फ-लाइफ (म्याद सकिने अवधि) U.S. Food and Drug Administration (FDA, अमेरिकी खाद्य तथा औषधि प्रशासन) ले विस्तार गरेको छ, जसले गर्दा ती परीक्षण किटहरूको म्याद सकिने मिति तपाईंले बाकसमा देखेभन्दा फरक हुन्छ । तपाईंले कुन-कुन परीक्षण किटहरूको म्याद सकिने मिति परिवर्तन गरिएको छ भनी हेर्न विस्तारित सेल्फ लाइफ भएका परीक्षण किटहरूको FDA सूची (अङ्ग्रेजी र स्पेनीमा उपलब्ध छ) हेर्न सक्नुहुन्छ । यदि कुनै परीक्षण किटको परिवर्तित म्याद समाप्ति मिति अहिले विगतमै भएको छ भने पनि, DOH अनुसार, सो किटको गुणस्तर नियन्त्रण परीक्षण गर्दा पास भएमा तपाईंले सो किट अझै पनि प्रयोग गर्न सक्नुहुने छ ।

निष्कर्ष: तपाईंले म्याद सकिइको परीक्षण किट भए पनि सो किटको निर्मित गुणस्तर नियन्त्रण जाँच पास गरेसम्म प्रयोग गर्न सक्नुहुन्छ ।

## म्याद सकिएको COVID-19 परीक्षण किटले मलाई सही नतिजा दिने छ भनेर मैले कसरी थाहा पाउने ?

तपाईंको COVID-19 परीक्षण किटमा परीक्षणले भरपर्दो ढङ्गले काम गरिरहेको छ भन्ने कुरा सुनिश्चित गर्न चाल्नुपर्ने कदमहरूको निर्देशनहरू समावेश गरिएको हुने छ, त्यसलाई "गुणस्तर नियन्त्रण जाँच" पनि भनिन्छ । तपाईंले सामान्यतया परीक्षण सम्बन्धी निर्देशिकाको परीक्षण परिणाम खण्डमा गुणस्तर नियन्त्रण प्रक्रिया फेला पार्न सक्नुहुन्छ । धेरै घरेलु परीक्षण किटहरूका लागि गुणस्तर नियन्त्रण प्रक्रियामा यसमा नमूना राख्दा परीक्षण कार्ट्रिजमा छापिएको "C" को छेउमा रेखा देखा पर्छ कि पर्दैन भन्ने सुनिश्चित गरे पुग्छ । यदि गुणस्तर नियन्त्रण प्रक्रियामा असफल नतिजा देखिएमा, तपाईंले परीक्षण रद्द गर्नुपर्छ ।

## परीक्षण किटको सेल्फ लाइफ कसरी विस्तारित हुन्छ ?

COVID-19 परीक्षण किटका उत्पादकहरूले परीक्षण किटलाई कहिलेसम्म प्रयोग गर्न सकिन्छ भनेर अध्ययन गर्नुपर्ने हुन्छ । FDA ले विस्तारित म्याद सकिने मिति अनुमोदन गर्न यो डेटा ट्र्याक गर्दछ । यी परीक्षण किटहरू कति समयसम्म रहिरहन्छ भन्ने बारे थप डेटा आउँदै गर्दा COVID-19 परीक्षण किटको सेल्फ-लाइफ विस्तार हुनु सामान्य कुरा हो ।

बाकसमा रहेको म्याद सकिने मितिको आधारमा म्याद सकिएको जस्तो देखिने परीक्षण किटहरू प्रयोग गर्दा यस जानकारीले तपाईंलाई आश्वस्त पार्ने छ भन्ने अपेक्षा गर्दछौँ । तपाईंको COVID-19 परीक्षण किट प्रयोग गर्न उपयुक्त छ कि छैन भनेर हेर्न के गर्नुपर्ने भन्ने कुरा अब तपाईंलाई थाहा भयो: गुणस्तर नियन्त्रणका लागि परीक्षण निर्देशनहरू पालना गर्नुभए पुग्छ । यदि परीक्षण किटको गुणस्तर नियन्त्रण जाँचको नतिजा सफल भएमा, यो अझै सुरक्षित र प्रयोग गर्न उपयुक्त हुन्छ ।

हाम्रो समुदायहरूलाई सुरक्षित र स्वस्थ राख्न तपाईंले गर्नुहुने सबै प्रयासका लागि धन्यवाद !

यो कागजात अर्को ढाँचामा अनुरोध गर्न 1-800-525-0127 मा फोन गर्नुहोस् । सुन्न नसक्ने वा सुन्न गाह्रो हुने ग्राहकहरूले, कृपया 711 (Washington Relay) मा फोन गर्नुहोस् वा civil.rights@doh.wa.gov मा इमेल गर्नुहोस् ।

DOH 421-037 February 2023 Nepali